# नरैनापुर गाँउपालिका
# गाँउ कार्यपालिकाको कार्यालय

नरैनापुर,बाँके

लुम्बिनी प्रदेश,नेपाल

नरैनापुर गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय नरैनापुर, बाँके लुम्बिनी प्रदेश, नेपाल

## औषधी आपूर्ति सम्बन्धि सिलबन्दी दरभाउपत्र आव्हानको सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८०/०५/१९**

यस कार्यालयको आ.व. २०८०/०८१ लागि आवश्यक औषधी सिलबन्दी दरभाउपत्र माध्यम बाट खरिद गर्नुपर्ने भएकोले मु.अ.क.मा दर्ता भएका इच्छुक ईजाजत प्राप्त सप्लायर्स, विकेता तथा व्यवसायीहरुले, रितपुर्वकको दरभाउपत्र तपशिलको शर्तहरु पालना हुने गरी सार्वजनिक खरिद अनुगमन कार्यालयको Website:- www.bolpatra.gov.np/egp मार्फत पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ।

**शर्तहहरु:**

१. यो सुचना प्रकाशन भएको मितिले १६ औं दिनको १२ बजे भित्र कम्पनी/फर्म चालु आ.व. ०८०/०८१ मा नवीकरण भएको ईजाजत प्रमाण पत्रको प्रमाणित प्रतिलिपी, आयकर दर्ताको प्रमाण पत्रको प्रर्माणित प्रतिलिपी, मुल्य अभिबृद्धि कर दर्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपि र औषधी आपूर्ति गर्ने ईजाजतपत्रको प्रर्माणित प्रतिलिपीहरु संलग्न राखी निवेदन समय भित्र छुट्टा छुटै निवेदनबाट रु. १०००।- नरैनापुर गाउँकार्यपालिका ग १.१ आन्तरिक राजश्व खाता ०७४०४८८०८७७०३००६ मा रकम तिरी दरभाउपत्र फारम दस्तुर (फिर्ता नहुने गरी) दरभाउपत्र फारम खरिद गरी सार्वजनिक खरिद अनुगमन कार्यालयको Website:- www.bolpatra.gov.np/egp Online मार्फत पेश गर्न सकिने छ।

२. दरभाउपत्रदाताले कार्यालयको दरभाउपत्र www.bolpatra.gov.np/egp Download गरि Online मार्फत खरिद गर्नु पर्ने छ। खरिद भएको दरभाउपत्र यो सुचना प्रकाशित भएको मितिले १६ औं दिनको १२ बजे भित्र दरभाउपत्र फाराममा सहीछाप गरि दरभाउपत्र दाताको नाम, ठेगाना, फोन तथा फ्याक्स नं. समेत खुलाई सिलबन्दी दरभाउपत्र Online मार्फत दर्ता गराउन सकिने छ।

३. दर्ता भएका दरभाउपत्रहरु सोही दिनको १।०० बजे दरभाउपत्रदाताका वा निजहरुका प्रतिनिधिहरु र कार्यालयका प्रतिनिधिहरुको रोहबरमा यस कार्यालयमा खोलिने छ। दरभाउपत्रदाता वा निजहरुका प्रतिनिधिहरु उपस्थित नभएमा पनि सिलबन्दी दरभाउपत्र Online मार्फत खोल्न बाधा पर्ने छैन।

४. दरभाउपत्र खरिदको अन्तीम दिन तथा दाखिला गर्ने वा खोल्ने दिन सार्वजनिक विदा परेमा उक्त कार्यहरु त्यस पछिको लगत्तै कार्यालय खुलेको दिन सोही समयमा उक्त कार्यहरु हुनेछ ।

५. सिलवन्दी दरभाउपत्र साथ रु. १,०४,०००।- रकम बराबरको दरभाउपत्र जमानत यस कार्यालयको Sunrise Bank Limited, नरैनापुर, बाँके शाखामा रहेको नं. ०७४०४८८०८७७०१००४ धरौटी खातामा जम्मा गरेको सक्कलै वैंक भौचर वा मान्यता प्राप्त बाणिज्य बैंकबाट यस कार्यालयको नाममा जारी भएको, प्रचलित कानुनले तोकेको अवधि भएको दरभाउपत्र जमानी पत्र (विडवन्ड) पेश गर्नु पर्ने छ।

६. दरभाउपत्र स्वीकृत भएपछि सूचना अनुसारको अंकको नियमानुसार रकम बरावरको धरौटी खातामा जम्मा गरेको वैंक भौचर वा कार्यालयले तोकेको अवधि ७५ दिन सम्मको बैंक कार्यसम्पादन जमानत पत्र पेश गर्नु पर्ने छ।

७. औषधी खरिद गर्दा **WHO GMP Certified Company** बाट उत्पादित औषधीहरु मात्र खरिद गरिने छ। बोतलमा सप्लाई हुने औषधीहरु प्लाष्टीक बोतलमा भएको हुनु पर्ने छ र बांकी औषधीहरु स्ट्रीपमा हुनुपर्नेछ।

८ खरिद हुने औषधीहरुको म्याद सम्बन्धमा उक्त औषधीको यस कार्यालयमा बुझाउंदा सम्म Manufactring Date बाट Expiry Date कम्तीमा १८ महिना बांकी हुनुपर्नेछ। उत्पादन मिति बाट १८ महिना भन्दा घटी Expiry Date भएका औषधीहरुको हकमा ७५ प्रतिशत आयू भएको हुनुपर्नेछ। सो भन्दा घटी म्याद भएका औषधीहरु बुझिलिने छैन।

भरत बस्नेत
प्रमुख प्रशासकीय अधिकृत

नरैनापुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
नरैनापुर, बाँके
लुम्बिनी प्रदेश, नेपाल

९. सिलबन्दी दरभाउपत्र दर्ता गर्दा औषधिको सिलबन्दी नमूना अनिवार्य रुपमा पेश गर्नु पर्ने छ।

१०. प्रत्येक औषधीहरुको औषधी निर्यातकर्ताले औषधी व्यवस्था विभागवाट म्याद भएको छुट्टाछुट्टै Authorization प्रमाणपत्रको प्रमाणित प्रतिलिपि पेश गर्नुपर्नेछ।

११. कार्यालयको आवश्यकता अनुसार दरभाउपत्रमा उल्लेखित औषधीको परिमाणमा थप घट गर्न सकिने छ।

१२. नेपाल सरकारको हितलाई ध्यानमा राखि कुनै कारण जनाई वा नजनाई दरभाउपत्र पुरा वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा रहनेछ।

१३. अन्य कुराहरुको हकमा प्रचलित कानुन बमोजिम हुनेछ र थप जानकारीको लागि यस कार्यालयको फोन. ९८४४४२३२३१ मा सम्पर्क गर्न सकिने छ।

१४. यसमा नपरेका अन्य कुराहरु सार्वजनिक खरीद ऐन २०६३ र सार्वजनिक खरीद नियमावली २०६४ अनुसार हुनेछ।

**तपसिल**

| सि.नं. | ठेक्का नं. | विवरण | दरभाउपत्र दस्तुर | दरभाउपत्र जमानत रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | NRM/GOODS/MEDICINE/SQ/01-2080/081 | Supply & Delivery of Medicine in Narainapur Rural Municipality, Narainapur, Banke | १,०००।०० | १,०४,००० ।०० | दर्ता गर्ने अन्तिम मिति : २०८०/०६/०३ दिनको १२ : ०० बजे भित्र |

..........................
भरत बस्नेत
(नि. प्रमुख प्रशासकीय अधिकृत)

भरत बस्नेत
नि. प्रमुख प्रशासकीय अधिकृत